# सर्वोच्च अदालत

## प्रेस विज्ञप्ती

### भारतका माननीय प्रधान न्यायाधीशज्यू नेतृत्वको भ्रमण दल नेपाल आगमन

सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठज्यूको मैत्रीपूर्ण निमन्त्रणामा भारतका माननीय प्रधान न्यायाधीश **Dr. DY Chandrachud** ज्यूसहितको भ्रमण दल मिति २०८१।०१।२१ गते नेपालको औपचारिक भ्रमणमा आज साँझ ४:०० बजे नेपाल आई पुगेको छ। भारतीय प्रधान न्यायाधीशज्यूलाई सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईज्यूले स्वागत गर्नुभयो। भारतका माननीय प्रधान न्यायाधीश **Dr. DY Chandrachud** ज्यूले केन्द्रीय बाल न्याय समितिले मिति २०८१।०१।२२ गते आयोजना गर्ने **National Symposium on Juvenile Justice** मा **Keynote Speaker** को रूपमा सम्बोधन गर्ने कार्यक्रम रहेको छ। सोही दिन साँझ सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठज्यू र भारतका माननीय प्रधान न्यायाधीश **Dr. DY Chandrachud** ज्यूबीच मैत्रीपूर्ण भेटवार्ता हुने कार्यक्रम रहेको छ। नेपालका प्रधान न्यायाधीशज्यूले भारतको प्रधान न्यायाधीशज्यूको सम्मानमा सोही दिन रात्रीभोजको आयोजना गर्ने कार्यक्रमसमेत रहेको छ।

भ्रमण दलमा भारतका माननीय प्रधान न्यायाधीश **Dr. DY Chandrachud** ज्यूकी धर्मपत्नी श्रीमती कल्पना दास, भारतको सर्वोच्च अदालतका रजिस्ट्रार श्री राकेश कुमार र **Court Master** श्री चेतन अरोरा रहनु भएको छ।

उक्त उच्चस्तरीय भ्रमण दल मिति २०८१।०१।२३ गते साँझ स्वदेश फिर्ता हुने कार्यक्रम रहेको छ।

मिति २०८१ बैशाख २१
ने.सं.११४४ चौलागाः १०, शुक्रबार

वेदप्रसाद उप्रेती
प्रवक्ता